## नाइस नेपालगन्जद्वारा आयोजित

# नाइस अवार्ड-२०२५

## २०८२ श्रावण २० गते, नेपालगन्ज

## कार्यक्रम प्रतिबेदन




नाइस अवार्ड २०२५ प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्र कुमार चौधरी तथा ग्रहण गर्दै वातावरण संरक्षण अभियन्ता हेमन्तराज काफ्ले साथमा अन्य अतिथिहरु ।

सहयोग तथा सहकार्य

नरैनापुर गाउँपालिका बाँके | राप्तीसोनारी गाउँपालिका बाँके | जानकी गाउँपालिका बाँके | NIC ASIA | बास नेपाल

आयोजक

NICE नाइस नेपालगन्ज

## नाइस नेपालगन्जद्वारा आयोजित

# नाइस अवार्ड-२०७५ प्रदान कार्यक्रम

## कार्यक्रम प्रतिबेदन

### संस्थाको संक्षिप्त परिचय :—

नाइस नेपालगन्ज समाजमा भईरहेका असल तथा राम्रा कार्यहरुको प्रबर्दन तथा प्रचार प्रसार गर्ने उद्धेश्यले जिल्ला प्रशासन कार्यालय बाँकेमा दर्ता भई क्रियाशिल एक गैर सरकारी संस्था हो । यसले सामाजिक सद्भाव क्षमता अभिबृद्धी, युवा बालवालिका तथा असहाय ब्यक्तिहरुको शसक्तिकरण गरि आर्थिक उपार्जनमा टेवा पुऱ्याउने तथा सकारात्मक कार्यहरुको प्रबर्द्धन गर्दै समाजको समृद्धिका लागि पहल गर्ने काम गर्दै आएको छ ।

### पृष्ठभुमि तथा कार्यक्रमको परिचय :-

समाजमा विभिन्न प्रकारका मानिसहरुको बसोबास रहेको हुन्छ । यहि समाजमा असल कार्य गर्ने ब्यक्तिहरु छन् भने यसै समाजमा नकारात्मक कार्य गर्नेको सख्या पनि रहेको छ । असल कामको नतिजा सधै सकारात्मक हुन्छ भनेझै असल कार्य गर्दै समाजका लागि असल अभ्यास स्थापीत गर्नु सहज काम होईन । यसका लागि धेरै चुनौतीहरुको सामना गर्नुपर्छ र मेहेनत र संघर्ष जरुरी हुन्छ ।

असल अभ्यासका लागि पहिले ब्यक्ति स्वयम् परिवर्तन हुनु पर्दछ बल्ल उसले अन्य ब्यक्ति र समाजका लागि असल उदाहरण पेश गर्न सक्दछ । समाजका लागि उदाहरणीय ब्यक्ति निकै न्यून सख्यामा मात्रै हुन्छन् जसको उद्धेश्य नै ब्यक्तिगत स्वार्थ भन्दा माथि उठेर सामाजिक विकास प्राथमिकतामा प्रर्दछ । असल कार्य गर्ने ब्यक्तिलाई समाजमा आफूले गरेको असल कार्य प्रमाणित गर्न निकै लामो समय लाग्दछ । असल कार्य गर्ने ब्यक्तिहरु मान सम्मान भन्दा पनि काममा बढी केन्द्रीत हुने भएकाले उनीहरु आफ्नेलमा परेका हुन्छन् । बलेको आगो ताप्न उत्साहित हाम्रो समाजमा साच्चिकै असल ब्यक्तिहरु सबैको नजरबाट पछाडी रहेका हुन्छन् तर उनले गरिरहेको कामको अनुसरण भने नजानीदो रुपमा सिंगो समाजले अनुसरण गरिरहेको हुन्छ । एकठाँउमा स्थापित गरेका राम्रा अभ्यासहरु विस्तारै अन्यन्त्र प्रयोग गर्दै लैजानुपर्दछ ।

हरेक ब्यक्ति जसले समाजमा उदाहरणीय कार्य गरेका छन् उनीहरुको खोजी गर्दै राम्रा अभ्यासहरुलाई समुदायमा विभिन्न माध्यमबाट पुऱ्याउनु सबैको कर्तब्य हुन जान्छ ।

नाईस नेपालगन्जले स्वच्छ, सुन्दर र असल समाजको परिकल्पनाका साथ आफ्नो स्थापना काल देखि नै समुदायमा रहेका असल कार्यहरुको प्रबर्द्धन गर्ने कार्य गर्दै आएको छ । समाज परिवर्तनमा उल्लेख्य योगदान पुऱ्याएका ब्यत्तिहरुको खोजी गर्दै उनीहरुले गरेका असल कार्यहरुको प्रचार प्रसार गर्ने र उनीहरुले समाजमा पुऱ्याएको योगदानको कदर गर्दै नाइस नेपालगन्जले बाँके जिल्लाको नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर

१९ निवासी वातावरण संरक्षण अभियन्ता हेमन्तराज काफ्लेलाई २०८२ साउन २० गते नगद रु. १० हजार सहित **नाइस अवार्ड २०२५ बाट** सम्मान गरेको हो ।

## कार्यक्रमका उद्वेश्यहरु :

- नाइस अवार्ड २०२५ मार्फत असल कार्य गर्ने व्यक्तिलाई सम्मान गर्ने ।
- समाजमा असल कार्य गर्ने व्यक्तिहरुलाई उत्प्रेरणा प्रदान गर्ने ।
- समाजमा असल कार्य गर्ने संस्कारको विकास गर्ने ।
- हरेक व्यक्तिलाई असल कार्य गर्न उत्प्रेरित गर्ने ।

## कार्यक्रम बारे जानकारी :—

### नाइस अवार्ड २०२५ वातावरण संरक्षण अभियन्ता काफ्लेलाई

नाइस अवार्ड २०२५ नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १९ निवासी वातावरण संरक्षण अभियन्ता हेमन्तराज काफ्लेलाई प्रदान गरिएको छ ।

नाइस नेपालगन्जले पाचौं नाइस अवार्ड २०२५ नगद १० हजार, सम्मान पत्र सहित काफ्लेलाई प्रदान गरिएको हो । नाइस नेपालगन्जको अयोजनामा साउन २० गते नेपालगन्जमा आयोजित नाइस अवार्ड २०२५ प्रदान बिशेष कार्यक्रमका बिच कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्र कुमार चौधरी, उपप्रमुख सिता कार्की, कार्यक्रमका अतिथि बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी, गैसस महासँघका केन्द्रीय सचिब तथा नाइस नेपालगन्जका सल्लाहकार नमस्कार शाह, नाइस अवार्ड २०२३ प्राप्त गर्न सफल बरिष्ठ पत्रकार झलक गैरे, नेपाल पत्रकार महासँघ बाँकेका अध्यक्ष नविन गिरी, बास नेपालका केन्द्रीय अध्यक्ष शिव कुमार वर्मा, एनआइसी एसिया बैंकका लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश प्रमुख मनोहर ठगुराठी, मंगल प्रसाद माबिका प्रधानाध्यापक सन्ध्या शर्मा र नाइस नेपालगन्जका अध्यक्ष हेमराज भट्टले संयुक्त रुपमा अवार्ड प्रदान गरेका थिए ।

अवार्ड प्रदान कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समिति प्रमुख ज्ञानेन्द्र कुमार चौधरीले समाजमा राम्रो काम गरिरहेका व्यक्तिहरुकालागि अवार्ड उत्प्रेरणा भएको बताए । उनले वातावरण संरक्षणमा कार्य गरिरहेका व्यक्ति काफ्ले सम्मानीत भएकोमा बधाई ज्ञापन गर्दै संस्थाले उत्कृष्ट व्यक्तिलाई छनौट गरेको बताए । कार्यक्रमका अतिथि सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले नाइसले गरेको कार्यहरुको बारेमा अवगत भएको जनाउदै असल कार्य गर्ने व्यक्तिलाई सम्मान गर्नुले समाजमा सकारात्मक सन्देस प्रवाह भएको बताए । यसैगरी कार्यक्रमका अतिथि गैसस महासँघका केन्द्रीय सचिब तथा नाइसका सस्थापक अध्यक्ष नमस्कार शाहले निश्वार्थ रुपमा हरियाली प्रबर्द्धन मार्फत समाजमा लागि परेका व्यक्तिलाई

गरेको सम्मानले असल कार्य गर्ने ब्यक्तिलाई उत्प्रेरणा थप्ने बताए । उनले नाइस अवार्ड २०२५ को घोषणा समेत गरेका थिए ।

यसैगरी कार्यक्रमका अतिथि बरिष्ठ पत्रकार झलक गैरेले प्रकृती संरक्षणमा अग्रसर ब्यक्तिलाई नाइस अवार्ड प्रदान गरिनुले समाजमा सकारात्मक सन्देस प्रवाह भएको बताए । सम्मानले राम्रा काम गर्ने ब्यक्तिहरुलाई हौसला थपेको उनको भनाई थियो । यसैगरी कार्यक्रमका अतिथि सन्ध्या शर्माले समाजलाई सकारात्मक दिशामा डोर्‍याउन नाइस अग्रसर रहेकोमा खुसी लागेको बताइन् । नाइसले गरेको असल काममा सहभागि हुन पाएकोमा खुसी लागेको उनको भनाई थियो । कार्यक्रममा बोल्दै बास नेपालका केन्द्रीय अध्यक्ष शिव कुमार वर्माले नाइसले गरेको काम प्रशंसनिय भएको बताए ।

नाइस अवार्ड २०२५ ग्रहण पश्चात बोल्दै सम्मानीत हेमन्तराज काफ्लेले नाइस अवार्ड जस्तो गर्विलो अवार्डबाट सम्मानीत भए पश्चात जिम्मेवारी थपिएको बताए । निरन्तर बिरुवा अभियानमा लागिपरेको पुरस्कारको रुपमा नाइस अवार्ड प्राप्त गरेको बताउदै आगामी दिनमा समेत वातावरण संरक्षणमा थप कार्य गर्ने उनले प्रतिबद्धता गरे ।

नाइस नेपालगन्जका अध्यक्ष हेमराज भट्टको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन नाइस नेपालगन्जका सचिब कमल शाहीले गरेका थिए भने कार्यक्रममा स्वागत नाईस नेपालगन्जका उपाध्यक्ष शोभा थापा मगरले गरेका थिए । कार्यक्रममा नरैनापुर गाउँपालिका, राप्ती सोनारी गाउँपालिका, जानकी गाँउपालिका, एनआइसी एसिया बैंक र बास नेपालले सहकार्य गरेको थियो । कार्यक्रममा सहयोग तथा सहकार्य गर्ने संस्थाहरुलाई प्रशंसा पत्र प्रदान गरिएको थियो । कार्यक्रममा सरकारी निकाय, गैरसरकारी संस्था र युवाहरु गरी ६० बढीको सहभागिता रहेको थियो ।

## नाइस अवार्ड २०२५ प्राप्त गर्ने सफल काफ्ले को हुन ?

डेढ दशकभन्दा बढी समयदेखि वृक्षारोपण, जैविक विविधता संरक्षण र वातावरणीय जनचेतना अभिवृद्धिका क्षेत्रमा कार्य गर्दै Give me seed, I will give you tree भन्ने मूल मन्त्रका साथ हजारौँको संख्यामा बिरुवाहरू उत्पादन तथा वितरण गरिसकेका छन् । जन्मदिन, वैवाहिक वर्षगाँठ, व्रतबन्ध र चाडपर्वका अवसरमा बिरुवा उपहार दिने संस्कृति स्थापित गर्दै उनले वातावरणप्रति आम जनचासो जगाउने काम गरेका छन् । यस कार्यमार्फत उनले **नेपालगन्जको मात्रै नभई नेपालमै हरियाली आन्दोलन फैलाउने अभियानलाई जीवन्त बनाएका** छन् । उनको विशेष अभियानहरूमध्ये सितलचिनी अभियानले स्वस्थ्य चेतना दिएको छ र अर्को **"कल्पवृक्ष अभियान**" अत्यन्त प्रभावशाली अभियान हुन् । यस अन्तर्गत जर्मनी लगायत अन्य देशहरूबाट प्राप्त बीउहरू प्रयोग गरी तयार पारिएका बिरुवाहरू पशुपतिनाथ (काठमाडौँ), देउती बज्यै मन्दिर (सर्खेत), छत्रेश्वरी (सल्यान), स्वर्गद्वारी (प्यूठान), हनुमान मढी (नेपालगन्ज) लगायतका धार्मिक स्थलहरूमा रोपिएका छन् । उनको अभियानले जैविक विविधता संरक्षण, धार्मिक पर्यटनको प्रवर्द्धन र जलवायु संकटको दीर्घकालीन समाधानमा सकारात्मक प्रभाव पारेको छ ।

उनले आफ्नो अभियानलाई राष्ट्रिय सीमाभन्दा बाहिर पुऱ्याउँदै भारतको हरियाणा राज्यमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा Nonviolence for Trees विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त अवसरमा उनलाई International Tree Man Award २०२४ बाट सम्मानित गरिएको थियो । यसअघि पनि उनले समरस्ता अन्तर्राष्ट्रिय अवार्ड (२०२०), WWF Conservation Award (२०२१), र बास ब्राईटल्याण्ड युवा पुरस्कार र Everest International Climate Action Award (२०२३) प्राप्त गरिसकेका छन् । युवा पुस्ताका लागि प्रेरणादायी मार्गदर्शनका रूपमा काम गरेका उनले समाजसेवामा पनि आफ्नो दखल राखेका छ्न उनले अति बिपन्न परिवार आईते बुढालाई एउटा घर बनाउने अभियान चलाएर घर बनाएर बसालेका छन् । भेरी अस्पतालमा कोरोनाको बेला अक्सिजन अभियान चलाएका थिए र जाजरकोट मा भुकम्प जादा एक महिना अस्पताल मै स्वमसेवक को रुपमा सहयोग गरेका छन् ।

कपास बिकास समिती बोर्डको अध्यक्ष भएको बेला कपास विकास समिति खारेज गरेको अवस्थामा अत्यन्तै मेहेनत गरी कपास विकास समितिलाई खारेज हुन बाट जोगाएका थिए । उनलाई लुम्बिनी प्रदेश सरकारद्वारा वातावरण विज्ञका रूपमा सुचिकृत गरेको छ । उनले नेपालको विभिन्न स्थानमा वृक्षारोपण मात्र नभई, जनचेतनामूलक कार्यक्रमहरू, वृक्षसम्बन्धी शैक्षिक सामग्री विकास, र विद्यालय तहदेखि वातावरणीय शिक्षा सशक्तिकरणमा समेत योगदान पुऱ्याएका छन् । उनको मुख्य पेशा शिक्षण हो र हाल ब्रीटिस स्कुलका प्रधानाध्यापक रुपमा कार्यरत छन् । बिद्यालयबाट बचेको समयमा उनले समाजका लागि हरित अभियान सञ्चालन गरि अनुकरणीय कार्य गरेका छन् । उनी ८ बिलिएन ट्री का नेपालका डाईरेक्टर पनि हुन उनको यो अभियानले वर्तमान र भविष्यलाई सुरक्षित, स्वच्छ र समुन्नत बनाउने दिशामा सार्थक योगदान पुऱ्याइरहेको छ ।

## नाइस अवार्ड -२०२५ का केही झलकहरु :—








कार्यक्रममा बोल्दै प्रमुख अतिथि ज्ञानेन्द्र कुमार चौधरी बायाँ तथा कार्यक्रमको उद्घाटनको एक झलक दायाँ ।




नाइस अवार्ड २०२५ ग्रहण गर्दै हरित अभियन्ता हेमन्तराज काफ्ले ।










## कार्यक्रमका उपलब्धीहरु :

- नाइस अवार्ड २०२५ हरित अभियन्ता हेमन्तराज काफ्लेलाई प्रदान गरिएको छ ।
- समाजमा असल कार्य गर्ने ब्यक्तिहरुलाई उत्प्रेरणा प्रदान गर्ने काम भएको छ ।
- समाजमा असल कार्य गर्ने संस्कारको विकास गरिएको छ ।
- हरेक ब्यक्तिलाई असल कार्य गर्न उत्प्रेरित गर्न सन्देस प्रवाह गरिएको छ ।

हेमराज भट्ट

अध्यक्ष